# पञ्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

चलानी नं.-

मितिः-२०८१/१०/०७

ने.सं. ११४५ पोहेलागा, ०६ सोमवार

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना

श्री यो जो जससँग सम्वन्धित छ।

बैतडी जिल्ला पञ्चेश्वर गाउँपालिका अन्तर्गत श्री हटैराज आधारभूत विद्यालय पञ्चेश्वर, ३ बगरेठी, बैतडीमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. २१ मिति २०८१।१०।०४ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित शिक्षक पदको योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना hatirajs2052@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

(महेश पार्की)

प्रमुख प्रशासकीय अधिकृत

महेश पार्की

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री शिक्षा विकास तथा समन्वय इकाई, बैतडी ।

श्री हटैराज आधारभूत विद्यालय, पञ्चेश्वर, ३ बगरेठी, बैतडी।